Royal Berkshire NHS
NHS Foundation Trust

# क्षयरोग: फोक्सोको क्षयरोग र तपाईंको उपचार

## बिरामीहरू निम्ति जानकारी

# यो पर्चा फोक्सोको क्षयरोगीहरू निम्ति हो।

क्षयरोग ब्याक्टेरिया (माइकोब्याक्टेरियम ट्युबरक्लोसिस)-ले गर्दा हुने एक संक्रमण हो। यसले प्रायः सामान्य रूपले फोक्सो (पुल्मोनरी)-लाई प्रभावित गर्दछ र यो संक्रामक हुन सक्दछ। उपचारको पूरा कोर्स गरेर क्षयरोगलाई निको पार्न सकिन्छ।

## फोक्सोको क्षयरोग

- तपाईंलाई फोक्सोको क्षयरोग भएको पत्तो लागेको छ। यसको अर्थ के हो भने तपाईंले यो संक्रमण अरूलाई सार्न सक्नुहुन्छ।
- क्षयरोग हावा मार्फत् फैलन्छ जब फोक्सोमा संक्रामक क्षयरोगले ग्रस्त व्यक्तिले खोक्दछ। तपाईंलाई यो प्रकारको क्षयरोग छ भने, तपाईंको संसर्गमा लामो समयसम्म रहने मानिसहरूले सास मार्फत् ब्याक्टेरिया ग्रहण गरेको हुन सक्छ र उनीहरूलाई संक्रमण भएको हुन सक्छ।
- तपाईं आफ्नो कार्यस्थलबाट टाढा रहनु पर्दछ र केही सावधानीहरू राख्नु पर्दछ, तर दुई सातासम्म लगातार क्षयरोगको उपचार गरिएपछि तपाईं संक्रामक रहनुहुने छैन र काममा फर्कन सक्नुहुन्छ। तपाईंका सल्लाहकार र क्षयरोग विशेषज्ञ नर्सले विस्तारपूर्वक यस विषयमा चर्चा गर्नेछन्।
- तपाईंको क्षयरोग विशेषज्ञ नर्सले तपाईंसँग तपाईंको परिवार र साथीहरूको बारेमा पनि चर्चा गर्नेछन्। यसबाट तपाईंको निकट संसर्गमा लामो समयसम्म रहेकाहरूको चिह्नारी गर्नमा हामीले मद्दत पाउनेछौँ किनकि उनीहरूलाई संक्रमण सरेको हुन सक्ने जोखिम बढी हुन्छ। त्यसपछि हामीले उनीहरूलाई साधारण त्वचा जाँच र, केही मामिलाहरूमा, एक्स-रे गराउनका लागि व्यवस्था गर्न सक्छौँ।

## तपाईंको उपचार

- तपाईं साह्रै बिसञ्चो हुनुहुन्न र अस्पतालमा भर्ना गर्नु पर्ने अवस्था छैन भने तपाईंको उपचार क्षयरोगमा विशेषज्ञता प्राप्त डक्टर वा नर्सले गर्नेछन्।
- क्षयरोगको उपचार सामान्यतः छः महिनाको लागि हुन्छ तर भिन्न व्यक्तिहरूको हिसाबले यो लामो पनि हुन सक्छ। तपाईंका सल्लाहकारले यसबारे तपाईंसँग चर्चा गर्नेछन्।

- तपाईंले औषधी शुरू गरेको केही साता भित्रमा नै तपाईंले राम्रो महसूस गर्न थाल्नु हुनेछ। यसको अर्थ यो होइन कि क्षयरोग निको भएको छ। क्षयरोग निको पार्नका लागि तपाईंले आफ्नो औषधीको पूरा कोर्स गर्नु जरूरी हुन्छ।

## महत्वपूर्ण सल्लाह

- यी चक्कीहरूले तपाईंद्वारा खाइने अन्य औषधीहरूलाई प्रभावित गर्न सक्छन्, कृपया आफ्ना क्षयरोग विशेषज्ञ नर्सबाट सल्लाह लिनुहोस्।
- यी चक्कीहरूले गर्भनिरोधक चक्कीहरूलाई प्रभावित पार्न सक्छन्, थप सल्लाहका लागि कृपया आफ्ना जीपी-लाई भेट्नुहोस्।
- सबै औषधीहरू खाली पेटमा (खाना खानुभन्दा 30 मिनेट पहिले) मुखद्वारा एकसाथ लिइनु पर्दछ।
- कृपया जाँड-रक्शीको सेवन नगर्नुहोस्।
- आफ्नो औषधी हरेक दिन खुराक नछोडिकन खानुहोस्। यदि तपाईंले चक्कीहरू खानुभएन भने शेष रहेका क्षयरोगका रोगाणुहरू हुर्कन जारी रहनेछन् र क्षयरोगको उपचार गर्नु गाह्रो पर्नेछ। त्यसपछि तपाईंलाई केही उपचारहरूले काम गर्ने छैन (बहु-औषधीय प्रतिरोधक क्षयरोग)। उपचारको पूरा कोर्स गरेर क्षयरोगलाई निको पार्न सकिन्छ।
- तपाईंको औषधी नसिद्धियोस् भन्ने कुरोको ध्यान राख्नुहोस्, तर त्यसो भइहालेको खण्डमा आफ्ना क्षयरोग विशेषज्ञ नर्सलाई जतिसक्दो चाँडो सम्पर्क गर्नुहोस्।
- अस्पतालमा बोलाइएको सबै समयमा उपस्थित हुने कुरो याद राख्नुहोस् जसबाट हामीले तपाईंको प्रगतिको निगरानी गर्न सक्छौँ र तपाईंलाई अरू औषधीहरू दिन सक्छौँ।
- औषधीहरूलाई चिसो, अन्ध्यारो ठाउँमा र बच्चाहरूको पहुँचभन्दा टाढा राख्नुहोस्।
- तपाईंको उपचारको कुनै पनि भागको बारेमा चर्चा गर्न चाहनुहुन्छ भने कृपया कुनैपनि समय हामीलाई सम्पर्क गर्नुहोस्।
- यदि तपाईंलाई औषधीका कुनै दुष्प्रभावहरू हुन्छन् भने तुरुन्तै हामीलाई सम्पर्क गर्न नबिर्सनुहोला।

## थप सल्लाह:

क्षयरोग सेवा    फोन: 0118 322 6882
                फोन: 0118 322 8266

# <u>तपाईंको औषधी र तिनले हुन सक्ने दुष्प्रभावहरू</u>

**<u>बढी विस्तारपूर्वक जानकारीका लागि प्रत्येक औषधीका साथ आउने बिरामी जानकारी पर्चालाई कृपया ध्यानपूर्वक पढ्नुहोस्।</u>**



**Rifater** – गोलो, हल्का गुलाफी चक्की। यो चक्कीमा *Rifampicin*, *Isoniazid* र *Pyrazinamide* को सम्मिश्रण हुन्छ। दुष्प्रभावहरूका लागि *Rifampicin*, *Isoniazid* र *Pyrazinamide* हेर्नुहोस्।



**Rifinah/Rimactazid** – 300मि.ग्रा. सुन्तला रङको क्याप्सूल / 150मि.ग्रा. गोलो, चहकिलो गुलाफी चक्की। यो चक्कीमा *Rifampicin* र *Isoniazid* हुन्छ। दुष्प्रभावहरूका लागि *Rifampicin* र *Isoniazid* हेर्नुहोस्।



**Rifampicin** – 300मि.ग्रा. रातो र गुलाफी रङको क्याप्सूल, 150मि.ग्रा. रातो र नीलो/ खराने रङको क्याप्सूल, वा रातो रङको क्याप्सूल। यसले पिसाब, आँसु र वीर्य सुन्तले रङका हुनेछन् (यो सामान्य हो र यसमा कुनै चिन्ता गर्नु पर्दैन)। कन्टेक्ट लेन्सहरूको रङ फेरिन सक्दछ तसर्थ उपचार पूरा नहुञ्जेल चस्मा पहिरिने सिफारिस गरिन्छ। गर्भनिरोधक चक्कीहरूले प्रभावी ढंगमा काम गर्ने छैनन् तसर्थ तपाईंले वैकल्पिक गर्भनिरोधक उपायको बारेमा विचार गर्नु पर्दछ। अन्य दुष्प्रभावहरूमा छालामा ऱ्यासहरू, बान्ता र झाडापखाला सामेल छन्।



**Isoniazid** – 100मि.ग्रा. गोलो सेतो चक्की, 50मि.ग्रा. सानो, गोलो सेतो चक्की। दुष्प्रभावहरूमा वाकवाक लाग्नु, बान्ता गर्नु र हात-खुट्टा झन्झनाउनु हुन सक्छन्। हात-खुट्टा झन्झनाउन रोक्नका लागि तपाईंलाई पिरिडोक्सीन [pyridoxine] (भिटामिन B6) दिन सकिन्छ। यसले गर्भनिरोधक चक्कीलाई प्रभावित पार्न सक्छ।



**Pyrazinamide** – 500मि.ग्रा. गोलो सेतो चक्की। ऱ्यासहरू, रिङ्टा, बान्ता, पहेंले रोग, ज्वरो, तपाईंका जोर्नीहरूमा दुख्ने वा पीडा हुने दुष्प्रभाव हुन सक्छन्।



**Ethambutol** – 400मि.ग्रा. गोलो खरानी रङको चक्की, 100मि.ग्रा. गोलो पहेंलो चक्की। धमिलो देखिनु र रातो हरियो रङ दृष्टिमा परिवर्तन हुने दुष्प्रभावहरू हुन सक्छन्।

RESP_445 वेस्ट बर्कशायर क्षयरोग सेवा [West Berkshire TB Service],
श्वास सम्बन्धी औषधी [Respiratory Medicine], फेब्रुअरी 2010
समीक्षा गरिएको मिति: जुलाई 2017. आगामी समीक्षा मिति: जुलाई 2019